**तेश्रो चरण निर्वाचनको मतगणना अवधिमा भएका घटना**
विश्लेषण अद्यावधि – १३
अवधि: असोज ३-१२, २०७४
प्रकाशित: असोज २४, २०७४

तेश्रो चरण निर्वाचनको मतगणना अवधिमा निर्वाचनसम्बन्धी आठ घटना घटे ।[1] तीनै चरणको निर्वाचनको मतगणना अवधिमा सबैभन्दा न्यून संख्यामा घटना घटेको यही नै हो । पहिलो चरणको मतगणना अवधिमा निर्वाचनसम्बन्धी १३ घटना रेकर्ड भए भने दोश्रो चरणमा १४ घटना रेकर्ड भए ।[2] तीनै चरणको निर्वाचनको समाप्तीपछि निर्वाचनसम्बन्धी सबैभन्दा कम घटना तेश्रो चरणको अवधिमा प्रदेश २ मा घटे । तेश्रो चरणको अवधिमा भएका आठ घटनामध्ये पाँच घटना राजनीतिक दलहरुबीच झडपसम्बन्धी थिए, जसमध्ये एक वारदातमा एकजना राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) कार्यकर्ताको मृत्यु भयो । तीन घटना मतगणना केही समयको लागि स्थगन भएसम्बन्धी थिए ।

## घटनाहरूको विवरण

### *अन्तरपार्टी घटना*

- असोज ३ मा रौतहटको बृन्दावन नगरपालिकामा नेपाली काँग्रेस कार्यकर्ताहरूले नेपाल कम्युनिस्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) का दुईजना कार्यकर्तामाथि आक्रमण गरे । नेपाली काँग्रेस कार्यकर्ताहरूले एकजना नेकपा-एमालेका सांसदलाई मतगणना केन्द्रमा प्रवेश गर्नबाट रोक्न खोज्दा उक्त झडप भएको थियो । झडप हुँदा मतगणनामा बसेका पार्टी प्रतिनिधिहरू मतगणना छोडेर बाहिर निस्कदा मतगणना केही समयको लागि रोकिएको थियो ।

[1] तेश्रो चरणको स्थानीय तहको निर्वाचन प्रदेश २ मा असोज २ मा सम्पन्न भयो । मौन अवधि र निर्वाचन दिन (भदौ ३१-असोज २) निर्वाचनसम्बन्धी घटेका घटनाबारे जान्न यस रिपोर्ट पढौं । प्रदेश २ को अधिकांश मतगणना केन्द्रमा असोज ३ मा मतगणना सुरु भयो र सबै केन्द्रमा मतगणना असोज १२ मा सम्पन्न भयो । ४० स्थानीय एकाइको मेयर पद जित्दै नेपाली काँग्रेस सबैभन्दा ठूलो दल भयो भने २६ मेयर पदमा जितेर सङ्घीय समाजवादी फोरम नेपाल (ससफो) दोश्रो र २५ मेयरसहित राजपा तेश्रो रह्यो । त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) २१ मेयर पदमा जित्दै चौंथो र नेकपा-एमाले १८ मेयर पदमा जितेर पाँचौ रह्यो ।

[2] पहिलो चरणको मतगणना अवधिमा निर्वाचनसम्बन्धी घटेका घटनाबारे जान्न विश्लेषण अद्यावधि – ६ पढौं । दोश्रो चरणको घटनाबारे जान्न विश्लेषण अद्यावधि – ९ पढौं ।

- असोज ४ मा रौतहटको कटहरिया नगरपालिकाको बलवाटोलमा नेपाली काँग्रेस र राजपा कार्यकर्ताहरूबीच भिडन्त हुँदा एकजना राजपा कार्यकर्ताको मृत्यु भयो ।

- असोज ७ मा रौतहटको बृन्दावन नगरपालिकामा नेकपा-एमाले कार्यकर्ताहरूले नेपाली काँग्रेसको विजय जुलुसमा आक्रमण गर्दा चारजना नेपाली काँग्रेस कार्यकर्ता गम्भीर घाइते भए । नेकपा-एमालेबाट मेयरमा हारेका उम्मेदवारको घर अगाडि नेपाली काँग्रेस कार्यकर्ताहरू नाच्न थालेपछि आक्रमण भयो । घाइते नेपाली काँग्रेस कार्यकर्ताहरुको उपचार चन्द्रनिगाहपुर अस्पतालमा गरियो ।

- असोज ७ मा राजपा कार्यकर्ताहरूले नेपाली काँग्रेसको विजय जुलुसमा आक्रमण गर्दा दुईजना नेपाली काँग्रेस कार्यकर्ता गम्भीर घाइते भए । राजपाबाट मेयरमा हारेका उम्मेदवारको घर अगाडिबाट नेपाली काँग्रेसको जुलुस जाँदा आक्रमण भयो । सो घटनापछि थप झडप हुनबाट रोक्न स्थानीय प्रशाासनले घटनास्थल वरिपरि प्रहरी तैनाथ गर्‍यो ।

- असोज ८ मा सप्तरीको तिरुहत गाउँपालिकाको दिमनमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाली काँग्रेस कार्यकर्ताहरूबीच भिडन्त भयो ।

*मतगणना स्थगनसम्बन्धी घटना*

- असोज ३ मा बाराको बरगडी गाउँपालिकामा माओवादी केन्द्रका प्रतिनिधिहरूले उनीहरूको अनुपस्थितिमा मतपेटिका खोलेकोमा असन्तुष्टि जनाउँदै दुईचोटि मतगणना रोके । त्यसै दिन जिल्लाका सांसदहरूले दलका प्रतिनिधिहरूबीच मध्यस्ता गरेपछि मात्र मतगणना सुरु भयो ।

- असोज ५ मा नेकपा-एमालेबाहेक सबै प्रमुख दलका प्रतिनिधिहरूले पर्साको बीरगञ्ज महानगरपालिकाको वडा ३० मा पुनर्मतगणनाको माग गरे । नेपाली काँग्रेसका प्रतिनिधिहरूले पुनर्मतगणनाको माग गर्दै मतगणना केन्द्रबाट बाहिर निस्केपछि मतगणना रोकियो । असोज ४ मा निर्वाचन अधिकारीहरूले पहिला नेपाली काँग्रेसका उम्मेदवारलाई वडा अध्यक्षमा एक मतले विजयी घोषणा गरे । उक्त परिणामसँग असन्तुष्टि जनाउँदा नेकपा-एमालेको सांसदको मागअनुसार पुनर्मतगणना गरिएपछि प्रमुख निर्वाचन अधिकृतले नेकपा-एमालेको उम्मेदवारलाई वडा अध्यक्षमा विजयी भएको घोषणा गरे । पछि निर्वाचन आयोगले दोश्रो परिणामलाई वैधानिकता दियो र दलहरूले मागेअनुसार पुनर्मतगणना गर्ने स्वीकार गरेन ।

- असोज ८ मा जनता टेलिभिजनका संवाददाताले भने अनुसार सप्तरीका जिल्ला प्रशासन प्रमुखले राजविराज नगरपालिका कार्यालयमा उनको क्यामेरा खोस्दै तोडफोड गरे । जिल्ला प्रशासन प्रमुखले संवाददातालाई मतगणना पुनः सञ्चालन गर्ने विषयमा भइरहेको बैठकको समाचार पनि सङ्कलन गर्न रोके । सो घटनापछि उक्त घटनाको भर्त्सना गर्दै घटनाको छानबिन गर्नुपर्ने, दोषीलाई सजाय दिनुपर्ने र पत्रकारले सुरक्षित वातावरणमा समाचार सङ्कलन गर्न पाउनुपर्ने माग गर्दै नेपाल पत्रकार महासङ्घले प्रेस विज्ञप्ति जारी गर्‍यो ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको तेह्रौं संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*


NEPAL MONITOR
NepalMonitor.org
human rights . security . nepal
स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, असोज ३ - १२, २०७४
असोज ४ : ६६ वटा मतपत्र कम पाइएकोले विरगंज महानगरपालिकाको वडा नं. ३० को मतगणना रोकियो
असोज ३ : काँग्रेस कार्यकर्ताले आक्रमण गर्दा मतगणना स्थलमै एमाले उम्मेदवार घाइते
असोज ४ : रौतहतको कटहरीया नगरपालिकामा भोटको विषयमा झडप हुँदा राजपा कार्यकर्ताको मृत्यु
असोज ७ : गढीमाइ नगरपालिकामा राजपाका कार्यकर्ताद्वारा कांग्रेसको विजय जुलुसमा आक्रमण
असोज ७ : बृन्दावन नगरपालिकामा कांग्रेसको विजय जुलुसमा एमाले कार्यकर्ता द्वारा आक्रमण, ४ घाइते
पर्सा
बारा
रौतहट
सप्तरी
घटनाका प्रकारहरु
झडप/आक्रमण
अन्य प्रकारका अहिंसात्मक घटना
कार्यक्रम अवरोध तथा निषेधका घटना
जम्मा घटनाहरुको संख्या
०
१-२
३-४
असोज ३ : माओवादी केन्द्रका प्रतिनिधिले मतपत्र च्यात्ने प्रयास गरेपछि बारागढी गाउँपालिकाको मतगणना रोकिया
असोज ८: सप्तरीमा कांग्रेस र मओवादीका कार्यकर्ताबीच झडप
असोज ८: समाचार सङ्कलनको क्रममा सप्तरीका मुख्य निर्वाचन अधिकृतद्वारा पत्रकार माथि दुर्व्यवहार